स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



संसारका प्रतिष्ठित फेस्टिभलमा सहभागी भएको 'हाइवे' र 'ह्वाइट सन'पछि दीपक रौनियारले निर्देशन गरेको नयाँ फिल्म 'पूजा, सर' (राजागंज)को टिजर सार्वजनिक गरिएको छ । मंगलबार सार्वजनिक टिजरमा अपहरणमा परेका दुई बालकलाई मुक्त गर्न प्रहरीले चलाएको 'सर्च अपरेसन'लाई देखाइएको छ । फिल्मले मधेशको कथा उठाएको छ। टिजरले सशक्त कथावाचनको छनक दिन्छ ।

**आजको विचार...**



अब... (दुई पेजमा)

शंकर पोखरेल

निर्देशक मिलन चाम्सले बनाउने फिल्मको घोषणा होस् वा प्रिमियर, तामझाम गजब नै देखिन्छ । अघिल्लो वर्ष प्रदर्शन भएको उनी निर्देशित फिल्म 'गोर्खा वारियर'को बेलायतदेखि नेपालसम्मको प्रिमियर उदाहरणीय थियो । अब यही शुक्रबार (भदौ १४ गते)बाट मिलनको अर्को फिल्म 'वर एन्ड वधु' प्रदर्शन हुँदैछ । यसको घोषणा कार्यक्रम नै भव्य थियो । अब प्रिमियर झनै विशेष बनाइँदैछ । मंगलबार बेलुका पोखरास्थित मिडटाउन हलमा फिल्मको पहिलो प्रिमियर गरियो ।



❒ वर्ष ३० ❒ अंक ४४ ❒ २०८१ भदौ १३ गते बिहीबार 29 August 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### विषाक्त मदिरा सेवनबाट ६ जनाको मृत्यु

(रासस/एएफपी)

**बैङ्कक,** १२ भदौ/थाइल्यान्डमा गैरकानुनी रूपमा बनाइएको मेथानोलयुक्त मदिरा पिउँदा कम्तीमा ६ जनाको मृत्यु भएको र गम्भीर अवस्थामा रहेका २० जनाभन्दा बढीलाई अस्पतालमा भर्ना गरिएको अधिकारीहरूले बुधबार बताएका छन् ।

बैङ्ककको उत्तरपश्चिमी किनारमा रहेको 'ख्लोङ साम वा' जिल्लामा यो घटना भएको हो । अधिकारीहरूले यस क्षेत्रको सडक किनारमा रहेका १९ पसलमा अवैध मदिरा बिक्री गरेको छापापछि फेला पारिएको थाइ प्रशासनले जनाएको छ । अस्पतालमा बुधबार बिहान ६ जनाको मृत्यु भएको र २२ जनाको अवस्था गम्भीर रहेको बैङ्कक मेट्रोपोलिटन प्रशासनले एक विज्ञप्तिमा जनाएको छ । मदिरा पिएर बिरामी हुनेमध्येका एक आफन्तले सार्वजनिक प्रसारणकर्ता थाईपीबीएसलाई बताए, 'मदिरा पिएपछि मेरा बुबाले पेट गुर्रिएको र बताएको र पछि बेहोस भएका थिए । उनीलाई आईसीयूमा राखी उपचार गरेपछि अहिले होसमा छन् ।' थाइल्याण्डमा मदिरा बिक्रीलाई प्रत्येक दिनको निश्चित घण्टामा सीमित गर्ने र धार्मिक बिदाहरूमा यसको व्यापारमा प्रतिबन्ध लगाउने कडा मदिरा कानुनी प्रावधान छन् । तर यस्ता नियमले स्थानीय रूपमा 'या डोङ' भनेर चिनिने अनियमित ढङ्गले बनेको सस्तो रक्सीको कालो बजारलाई प्रोत्साहन गरेको आलोचकहरूले बताएका छन् ।

# बुटवलमा विद्युतीय सवारीको प्रवर्द्धन गर्ने प्रयास

हाम्रा संवाददाता

**बुटवल,** भदौ १२/नेपालमा पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन गर्न विद्युतीय सवारी साधनलाई विकल्पको रूपमा अगाडि सारेर बहस चल्दै आएको छ । न्यून कार्बन उत्सर्जन हुने भएकाले वातावरणविद् पनि विद्युतीय सवारी साधनकै पक्षमा वकालत गरिरहेका छन् ।

जलवायु परिवर्तन विश्वकै लागि ठूलो चुनौती बनिरहेको छ । यसको मुख्य कारक पेट्रोलियम सवारीसाधन हो भन्ने पुष्टि भइसकेको छ । तर हाम्रोजस्तो विकासोन्मुख देशमा विद्युतीय सवारी प्रवर्द्धनका लागि चाहिने तदारुकता देखिँदैन । सरकारको नीति तथा कार्यक्रममै सार्वजनिक विद्युतीय सवारीलाई प्राथमिकता दिने भने त्यो प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन् ।

पछिल्लो समय निजी क्षेत्रबाट विद्युतीय बस चलाउन केही प्रयास भएको पनि देखिन्छ । तर सरकारले यस्ता पहललाई सहयोग गर्न सकेको छैन । सरकारले करको दर बढाए पनि कतिपय व्यक्तिले आफ्नो विवेकको भरमा विद्युतीय साधनको



प्रयोग गरिरहेका छन् । तर, व्यक्तिगत पहलले मात्र पेट्रोलियम सवारीसाधनलाई विस्थापित गर्न सकिन्न । सरकारले विद्युतीय सवारी प्रवर्द्धनमा खासै चासो नदेखाए पनि बुटवलमा भने स्थानीय सरकारको सक्रियतामा विद्युतीय सवारीको प्रयोग बढाउन प्रयास थालिएको छ । बुटवललाई प्रदुषणमुक्त बनाउन वातावरणमैत्री सवारी साधन सञ्चालनका लागि बुटवल उपमहानगरपालिका, एशियाली विकास बैक एडीबी र स्थानीय व्यवसायीहरुबिच छलफल चलाइएको छ । बुधबार बुटवल उपमहानगरपालिकामा भएको छलफलमा तीन पक्षले विद्युतीय सवारी साधनको प्रयोगलाई प्राथमिकता दिने बताएका छन् ।

छलफलले विद्युतीय सवारी सञ्चालनका मोडलहरु, व्यवसायीलाई दिन सकिने सहुलियत र चार्जिङ तथा मर्मत स्टेशनहरुका बारेमा एकमत व्यक्त गर्दै थप अध्ययनपछि दोश्रो चरणको छलफल गर्ने निष्कर्ष निकालेको बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बताए । उनका अनुसार देशमै सबैभन्दा धेरै सवारी साधन भएकोमध्येको शहर बुटवलबाट यसको शुरुवात गर्ने गरी एडीबीले निश्चित लगानीमा बुटवल उपमहानगरपालिकाले प्रोत्साहन गर्ने र व्यवसायीहरुले लगानी गरेर विद्युतीय सवारी सञ्चालन गर्ने खालको मोडलमा जान सकिने छ । बुटवलबाट छुट्ने सवारीहरुलाई पर्यटकीय स्थलहरुमा पुऱ्याउने र नियमित सवारी सञ्चालनलाई थप व्यवस्थित गर्ने गरी प्रयासको थालनी भएको प्रमुख पाण्डेयले बताए । छलफलमा सहभागी एडीबीका नेपाल आवासीय मिसनका लिडर अरुण रामामुर्तिले धेरै सवारीको चाप भएको बुटवलबाट विद्युतीय सवारी साधन सञ्चालन गर्ने गरी बुटवल उपमहानगरपालिका र स्थानीय व्यवसायीहरुसँगको छलफल सकारात्मक भएको बताए । उनले एडीबीले निश्चित लगानी गरेर यसमा प्रोत्साहन गर्न खोजिरहेको बताए । विद्युतीय सवारीहरुको उपयोग विश्वव्यापी रुपमा बढ्दै गएको भन्दै उनले वातावरणमैत्री भएकाले पनि यसको उपयोगमा चासो बढिरहेको बताए ।

पश्चिम नेपाल बस व्यवसायी प्रालिका प्रबन्ध सञ्चालक रामचन्द्र भुसालले पूराना गाडी विस्थापित गरेर नयाँ गाडी ल्याउँदा विद्युतीय सवारी ल्याउने र यसमा एडीबी र बुटवल उपमहानगरपालिकाको समेत साथ रहने कुरा सकारात्मक रहेको बताए । छलफलमा बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्याल, प्रमुख प्रशासकीय अधिकृत मित्रमणि खनाल, एडीबीका सिनियर प्रोजेक्ट अफिसर हेमन्त तिवारी, एडीबीका प्रतिनिधिहरु ग्लोरिया गेरिल्ला टेकनोमो, ओली नोरोजोनो, गुरुदत्त अधिकारी, रोम भट्टराईलगायत सहभागी थिए ।

## गुल्मीका चार पालिकामा विद्युत् अवरुद्ध



**तम्घास (गुल्मी),** भदौ १२/जिल्लाको चार पालिकामा विद्युत् सेवा अवरुद्ध भएको छ । धुर्कोट, मदाने, मालिका र इस्मा गाउँपालिकामा दुई दिनदेखि विद्युत् सेवा अवरुद्ध भएको हो ।

यही भदौ १० गते राति हावाहुरीसँगै आएको चट्याङ र पानीले उनायचौरबाट धुर्कोट वस्तुमा रहेको सबस्टेसनसम्म जाने ३३ केभीको लाइनमा क्षति पुगेसँगै चार पालिकामा सेवा रोकिएको विद्युत् प्राधिकरण गुल्मी वितरण केन्द्रका सूचना अधिकारी भरत पोखरेलले जानकारी दिए । विद्युत् अवरुद्ध हुँदा गाउँमा दैनिक काममा असहज हुनाका साथै मोबाइल चार्ज, मिल सञ्चालन, इन्टरनेटलगायत काममा बाधा पुगेको उनले बताए । वितरण केन्द्रले मर्मत गरिरहेको छ । अहिलेसम्म उनायचौरको विद्युत् स्टेसनबाट वस्तुको हर्रे भन्ने ठाउँसम्म पुगेको सूचना अधिकारी पोखरेलले जानकारी दिए । उनायचौरबाट जैसिथोकको भुवानसम्म मात्रै छ ठाउँमा बिग्रिएका मर्मत भइरहेको उनले बताए ।

कार्यालयका प्राविधिक वस्तु सबस्टेसनसम्म विद्युत् पुऱ्याउन मर्मतको काममा खटिएकाले बुधबार दिनभरमा विद्युत् सञ्चालन गर्ने सम्भावना रहेको पोखरेलले जानकारी दिए । गुल्मीको पश्चिमी भेगका लागि वीरवासबाट उनायचौर हुँदै वस्तु सबस्टेसनसम्म विद्युत् पुऱ्याइएको छ । वस्तु सबस्टेसनबाट धुर्कोट, मालिका, मदाने, इस्मा गाउँपालिकाका साथै मुसिकोट नगरपालिका-१ र २ मा विद्युत् आपूर्ति हुँदै आएको थियो । *-रासस*

## आज विश्व आणविक परीक्षण विरुद्धको दिवस

**पाल्पा,** भदौ १२/आज विश्व आणविक परीक्षण विरुद्धको दिवस मनाइँदै छ । मानव अस्तित्वलाई विनाशकारी र हानिकारक हुनबाट बच्न आणविक परीक्षणहरू अन्त्य गर्ने उद्देश्यले यो दिवस मनाउन लागिएको हो ।

सन् २००९ को डिसेम्बर २ मा संयूक्त राष्ट्रसंघको ६४ औं सभाले २९ अगष्टलाई आणविक हतियार विरुद्धको दिवस मनाउने चलन शुरु गरेको थियो । आणविक हतियारहरु सामूहिक बिध्वशं गर्ने हतियार हुन् । मानव सभ्यताको विकास सँगै ढुंगे युगबाट आजको दिनसम्म आईपुग्दा तरवार, धनुषवाण, बन्दुक, हवाईजहाज हुँदै आणविक हतियारका साथ युद्ध लडेको देखिन्छ । दोश्रो विश्वयूद्धमा जापानको हीरोशीमा र नागासाकीमा क्रुर आणविक प्रक्षेपण भएको थियो । आणविक हतियार कति सम्म असर राख्छ भने हीरोशीमा र नागासाकीमा अझै पनि रुख बिरुवाहरु उम्रन सकेको छैन । आणविक हतियारका कारणले



भएका बिकिरणका कारण विभिन्न स्वास्थ्यलगायतका समस्या र दिर्घकालिन असरहरु अझै पनि छुँदै छन् ।

सन् १९४५ को अगस्त ६ मा भएको यो आणविक प्रहारमा करिब २ लाख सर्वसाधरणको दु:खद मृत्यू भएको थियो । हिन्दू शास्त्रहरुमा पनि कुनै पनि हतियारले कार्य नगरेमा ब्रह्मास्त्र प्रयोग गर्ने र प्रहार गर्ने अनि प्रहार खप्ने दुवैलाई पीडा हुने कथाहरु उल्लेख छ ।

बह्मास्त्रसंग आणविक हतियारलाई तुलना गर्न सकिन्छ । महान वैज्ञानीक अल्वर्ट आईन्सटाईनको भनेका छन् । 'मलाई तेश्रो विश्वयूद्ध भयो भने के हुन्छ थाहा छैन तर चौथों विश्वयूद्ध भयो भनेंचाही ढुङ्गाको हातहतियार प्रयोग हुन्छ ।' त्यसैले आणविक शक्तिलाई गलत प्रयोग गर्नुहन्न ।

जसलाई नियन्त्रण र निस्तेज गर्नु आज विश्व समूदायको सामू ठूलो चुनौति बनि उभिएको छ । आणविक शक्ति विकास अनि वृद्धिका लागि हो, बिध्वंशकालागि हैन । आजको दिनले यस्तै कुराहरुलाई चरितार्थ गर्न खोजेको हो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## चाडपर्वको सिजन

**यो वर्षका ठूला चाडपर्वहरु हिन्दुहरुको घर आगनमा भित्रिन थालेका छन् । साउने संक्रान्तिदेखि गाईजात्रा–रोपाइँजात्रा सम्मका चाड हामीले यो वर्ष मनाइसकेका छौं भने तिजदेखि छठसम्मका पर्वहरु आउँदै छन् । महान चाडपर्वहरु मनाउन पैसा र सामानको जोहो गर्न थालिसकिएको छ । केटाकेटी नयाँ लुगा र मीठो खानाको चर्चा गर्न थालिसकेका छन् भने कर्मचारीले दशैं खर्च के–के गर्ने भनेर योजना बनाउँदै छन् । कतिपय लामो बिदाको सदुपयोग गर्न यात्राको चाँजोपाँजो मिलाउन थालिसकेका छन् भने कोही घर शृंगार गर्दै छन् । ठूला चाडबाडको प्रतीक्षामा विदेशमा रहेका हजारौं नेपाली स्वदेश आउन यात्राको तयारी मात्रै हैन, टिकटसम्म काटेर बसेका छन् । साउन महिना सकिएर भदौ लाग्ने वित्तिकै नेपालमा चाडपर्वहरुको मौसम शुरु भइहाल्छ । लाखे नाँच, रोपाइँ जात्रा, गाई जात्रा, जनैपूर्णिमा, कृष्णजन्माष्टमी, तिज, दशैं, तिहार, छठजस्ता पर्वहरुले हाम्रो जातीय तथा सांस्कृतिक विविधताको प्रतिनिधित्व गर्दछन् । हरेक जातजातिका आ–आफ्ना संस्कृति, रीतिरिवाज र परम्परा छन् । ती सबै हाम्रा सांस्कृतिक धरोहरका रुपमा रहेका छन् ।**

**चाडपर्वको आफ्नै विशिष्ठ महत्व रहेको छ । हरेक चाडपर्वले कुनै न कुनै रुपमा मानव समाजलाई एकढिक्का बनाउने, आपसी सद्भाव र प्रेम जगाउने काम गर्छ । झट्ट हेर्दा चाडपर्व ढोंग वा आडम्बर लागेपनि यसको आफ्नै मर्म र विशेषता हुन्छ । चाडपर्व पारिवारिक एवं सामाजिक सम्बन्धलाई मजबुत पार्ने तथा नवीकरण गर्ने सेतु हो । चाडपर्वले हामी, हाम्रो समाज र संस्कृति तथा परम्परालाई प्राचीनकालदेखि डोहोर्‍याउँदै ल्याएको छ । नेपाली समाज, राष्ट्रिय एकता र अखण्डताका लागि चाडपर्व महत्वपूर्ण छन् । जसले सामाजिक सौहार्द्रतामा बेलाबखत परेको खाडल पुर्दै आएका छन् । समाजमा देखिने मतभेद अन्त्य गर्न मद्दत गर्दै आएका छन् । समग्रमा भन्दा संस्कृतिलाई जीवन्त राख्ने माध्यम हाम्रा चाडपर्व नै हुन् । जसको महत्व युगौंयुगदेखि जस्ताको त्यस्तै छन् । तर पछिल्लो समय चाडपर्वहरु भड्किलो बन्दै गएका छन् । यो अत्यन्त दुखको कुरा हो ।**

**महिला समुदायले बढी महत्व दिने तीज पर्व हिजो आज महिनौंसम्म मनाउने प्रचलन छ । होटल रेष्टुरेण्टमा तिज मनाउने र अनावश्यक खर्च गर्ने प्रवृत्तिलाई राम्रो भन्न मिल्दैन । अरु चाडपर्वहरु पनि भड्किलो बन्दै गएका छन् । चाडपर्वहरुको आफ्नै मौलिकता भएकाले आफुसँग जे छ त्यही उपभोग गरेर पनि राम्ररी मनाउन सकिन्छ । यसर्थ चाडपर्वको सांस्कृतिक महत्वलाई जोगाउँदै यसका विकृति विसंगति रोक्नेतर्फ ध्यान दिन जरुरी छ ।**

### Opinion @ Social Network

मान्छेहरु को अमुल्य चिज नै सास हुने गर्छ सास छ त जिन्दगी छ,
अनि जिन्दगी छ त सबै चिज छ ।
*(जीवन आलेकोफेसबुक स्टाटसबाट https://www.facebook.com/ale.jiban)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# अब पनि गम्भीर नहुने हो भने मान्छेले पत्याउनेवाला छैनन्



**शंकर पोखरेल**

*समाजमा आशा मरेको देखियो । कुनै पनि समाजलाई आशा मरेको अवस्थामा राख्नु खतरा हो । यसर्थ समाजमा आशा फर्काउने कुरा छलफलको विषय हुनुपर्छ । निराशा, कुण्ठा र पलायन रोक्ने दायित्व पार्टीहरूको हो । तर, निराशा चिर्छौं कसरी ? केही न केही नगरी हुँदैन । हामी जे छौं, ठीक छौं भनेर समाजको निराशा चिरिन्छ र ! यसर्थ आशा जगाउन केही गर्नुछ । सबभन्दा पहिले हामी किन असफल भयौं भन्ने विषयमा संवैधानिक, कानूनी र राजनीतिक समीक्षा जरूरी छ । यस्तो सन्दर्भमा प्रमुख दुई दल (नेपाली कांग्रेस र एमाले) ले समाजमा व्याप्त निराशालाई आशामा बदल्ने गरी लिएको पहलकदमीलाई सकारात्मक रूपमै लिनुपर्छ । यद्यपि यो सहकार्यमा सत्ता पनि जोडिएकाले फरक खाले टिप्पणी पनि छ । तर यो सहकार्यलाई सत्ता सहकार्यको दृष्टिले मात्र नहेरौं । निराशामा आशा ल्याउने कुरासँग जोडेर हेरौं । त्यो निराशामा आशा ल्याउन केही तथ्यहरूमाथि विचार र छलफल गर्नु जरूरी छ ।*

नेपालको राजनीतिमा अस्थिरता पहिले पनि थियो र अहिले पनि छ । तर संविधानसभा पूर्वको अस्थिरता र संविधानसभापछिको अस्थिरता एउटै छैन । पहिले दलहरूको आन्तरिक कारणले पूरा कार्यकाल सरकार चल्दैनथ्यो । पछि समावेशी प्रणालीले धेरै दलहरू बने । साना दलहरूले ठूला दलहरूमाथि शासन गर्ने प्रवृत्ति देखिन थाल्यो ।

समाजमा आशा मरेको देखियो । कुनै पनि समाजलाई आशा मरेको अवस्थामा राख्नु खतरा हो । यसर्थ समाजमा आशा फर्काउने कुरा छलफलको विषय हुनुपर्छ । निराशा, कुण्ठा र पलायन रोक्ने दायित्व पार्टीहरूको हो । तर, निराशा चिर्छौं कसरी ? केही न केही नगरी हुँदैन । हामी जे छौं, ठीक छौं भनेर समाजको निराशा चिरिन्छ र ! यसर्थ आशा जगाउन केही गर्नुछ । सबभन्दा पहिले हामी किन असफल भयौं भन्ने विषयमा संवैधानिक, कानूनी र राजनीतिक समीक्षा जरूरी छ । यस्तो सन्दर्भमा प्रमुख दुई दल (नेपाली कांग्रेस र एमाले) ले समाजमा व्याप्त निराशालाई आशामा बदल्ने गरी लिएको पहलकदमीलाई सकारात्मक रूपमै लिनुपर्छ । यद्यपि यो सहकार्यमा सत्ता पनि जोडिएकाले फरक खाले टिप्पणी पनि छ । तर यो सहकार्यलाई सत्ता सहकार्यको दृष्टिले मात्र नहेरौं । निराशामा आशा ल्याउने कुरासँग जोडेर हेरौं । त्यो निराशामा आशा ल्याउन केही तथ्यहरूमाथि विचार र छलफल गर्नु जरूरी छ ।

**भू-राजनीति**

अस्थिरताको कारणमा भूराजनीतिलाई अलग गर्‍यौं भने नेपालको स्थायित्वको प्रश्न कठिन कार्य हो भन्ने लाग्छ । त्यस अर्थमा एउटा 'फ्याक्टर' हो, यो । पञ्चायतमा प्रधानमन्त्री फेर्ने कुरामा पनि भूराजनीति जोडिएको पढ्न पाउँछौं ।

एउटा प्रधानमन्त्री हटेर अर्को आउनुको पछाडि के कारण थियो भन्ने बारेमा त्यसबेलाका राजनीतिज्ञहरूले लेखेका छन् । जबकि त्यसबेला शासन व्यवस्था एकदलीय थियो, तर अस्थिरता थियो । त्यो अस्थिरतामा भूराजनीतिक द्वन्द्वका प्रभावहरू थिए । संविधानसभापछि भूराजनीतिक प्रभाव बढेको छ, त्यो कुरामा अहिले नजाऔं ।

**लोकतान्त्रिक संस्कार**

अर्को विषय हो, लोकतान्त्रिक संस्कृति निर्माण । यसमा हामी चुकिरहेका छौं । लोकतन्त्रलाई यति फराकिलो बनाइसक्यौं कि प्रयोग गर्न केही बाँकी छैन । राष्ट्रिय स्वतन्त्र पार्टीले उम्मेदवार छनोट पनि अनलाइन सर्भेबाटै गर्छौं भन्यो । भनेपछि प्रयोगमा के बाँकी रह्यो त ?

तर जे विधि प्रयोग गरे पनि आफूले मन पराएकै मान्छे छान्ने संस्कृति हामीसँग छ । जनतालाई एकप्रकारले प्रभावमा पार्न विधि पद्धतिको कुरा गर्ने हो, तर छनोट गर्दा रुचि अन्तर्गत गर्ने संस्कृति छ । सबैको उस्तै छ । तसर्थ संस्कृति निर्माण महत्वपूर्ण प्रश्न हो ।

**विद्रोही चेत**

पुराना पार्टीहरूमाथि आक्रमण भइरहेको सन्दर्भमा हामीले आफ्नो कमजोरी कहाँ छ भनेर हेर्नुपर्छ । हामीले झण्डै ६ दशक राज्यविरुद्ध आन्दोलन गर्‍यौं । जनतालाई राज्य विरुद्ध आवाज उठाउन सिकायौं ।

जब जनताबाट संविधान जारी गरेर जनताको राज्य बनायौं, जनतालाई राज्यको पक्षमा उभिन सिकाएनौं । तसर्थ जनता र राज्य जोडिएकै छैनन् । जनता र राज्य नजोडिएकाले चुनौती निराशामा बदलियो । हामी जनतालाई राज्यसँग जोड्ने कुरामा चुकिरहेका छौं । लोकतन्त्रमा जनता र राज्य जोडिनुपर्छ भन्ने कुरालाई दलहरूले साझा एजेण्डा बनाउनुपर्छ ।

**सामाजिक अराजकता**

वर्तमान अवस्थाकै समीक्षा गर्दा सामाजिक अराजकता चुनौती बनेको छ । जो सबभन्दा चर्को कुरा गर्दछ, त्यसप्रति जनता झुम्मिएका छन्, अँध्यारोको बत्तीमा पुतली झुम्मिए जस्तो । बलिदानीपूर्ण ६ दशक संघर्ष गरेका नेता भन्दा दुर्गा प्रसाईंको हाइ-हाइ देखिन्छ । नेपाली लोकतन्त्रको योभन्दा मजाक के हुन्छ ? केही हुन्न । दुर्गा प्रसाईं, जो आफैं व्यावसायिक असफलता खेपिरहेका छन्, उनी चाहिं सेलिब्रेटी बनिरहेका छन् । यो पक्षलाई ध्यान दिनुपर्छ ।

**संवैधानिक भावनामाथि हमला**

हामीले समावेशी लोकतन्त्र स्थापित गर्‍यौं । तर कार्यान्वयनमा ध्यान दिएनौं । चुनावी गठबन्धन गर्न थाल्यौं । स्थानीय तहको दुई प्रमुख पदमध्ये एउटा महिला हुनुपर्छ भन्ने व्यवस्थालाई आफैंले उल्लैन गर्‍यौं । गठबन्धन गर्दा समावेशिता नचाहिने भयो, तसर्थ विभिन्न अभ्यास गठबन्धनकै नाममा गर्‍यौं । यस्तो अभ्यासप्रति अधिकारकर्मीहरूले आवाज उठाए । संविधान उल्लैन दलहरूबाट भइरहेको सन्देशले जनतामा आक्रोश देखियो ।

**जनादेशको अवहेलना**

निराशाको कारण खोजी गर्दा जनादेशको अवहेलना छुटाउनै सकिँदैन । चुनावका बेला गरिएको राजनीतिक प्रतिबद्धता पटक-पटक उल्लैन गरेका छौं । जनताबाट म्यान्डेट पाएपछि पाँच वर्ष त्यसै अनुसार चल्नुपर्छ भन्ने हामीले मिलीमिली खण्डित गरेका छौं । अझ २०७४ सालको चुनाव पछाडि भन्ने हो भने माओवादी र एमाले अलग हुन मिल्दैमिल्दैनथ्यो । तर झगडा कहाँ पुग्यो भने जनताले पाँच वर्ष प्रतिपक्षमा बस्न भनेको कांग्रेसको नेतृत्वमा सरकार बन्यो । पछिल्लो समय जे भए, त्यो पनि जनादेश अनुसार भएन । त्यो हिसाबले चुनावी जनादेशको सम्मान गर्न सकेका छैनौं ।

**कमजोर दलहरू**

मैले भनेको सबै परिणाम दलहरू कमजोर हुँदा भएका हुन् । दलहरू कमजोर हुँदा अनुचित सम्झौता गर्नुपर्ने हुँदोरहेछ । यसर्थ लोकतन्त्रमा धेरै दलहरू होइन, बलिया दलहरू आवश्यक पर्छ । जुन मुलुक आर्थिक-सामाजिक रूपले सफल भएका छन्, त्यहाँ दलहरू बलिया छन् । बलियो दल निर्माणको थालनी नीतिगत बहसबाट हुन्छ । हामीकहाँ चुनावी घोषणापत्र माथि उम्मेदवारहरूले पनि चर्चा गर्दैनन् । चुनावी घोषणापत्र कस्तो बन्यो भने एकपटक सार्वजनिक गर्छौं त्यसपछि बिर्सन्छौं । जनताका बीचमा जाँदा नीतिगत बहस नै हुँदैन । नीगित बहस नभएपछि दलहरू ुवीकरणको प्रक्रियामा जानै सकेका छैनन् ।

नीतिगत बहस विनाको राजनीतिक परिणामबाट शक्ति निर्माण हुँदैन । मुलुकमा लोकतन्त्र बलियो बनाउने हो भने बलिया राजनीतिक दलहरू चाहिन्छ । बलियो दलले बलियो राज्य बनाउँछ, बलियो राज्यले नागरिकलाई समृद्ध बनाउँछ । यो दिशातर्फ संवैधानिक कानुनी प्रबन्धहरूलाई सोझ्याउनुपर्छ ।

**संवैधानिक समस्या**

तर हामीले संसदीय लोकतन्त्रलाई नै कमजोर बनाउने खालका संवैधानिक अभ्यास गर्‍यौं, र त्यसको परिणााम बेहोर्दैछौं । संविधानको धारा ७६ (५) लाई जसरी राख्यौं र उपयोग गर्‍यौं, त्यो संसदीय लोकतन्त्रको विरुद्ध छ । यसले दलीय प्रणालीलाई कमजोर बनाएको छ ।

उपधारा ५ को सपना जसले पनि देख्न थाले । त्यसकारण संविधानमा सबै ठीक छ भन्ने होइन । कतिपय संवैधानिक प्रबन्धले संसदीय लोकतन्त्रलाई कमजोर बनाइरहेको छ । यसैलाई सहयोग पुग्ने गरी दल सम्बन्धी कानूनमा राष्ट्रिय दल नभए पनि ह्वीप लगाउन पाउने व्यवस्था छ । यसले राष्ट्रिय दल नभए पनि प्रधानमन्त्रीमा दाबी गर्ने अवस्था बन्यो, किनकि त्यहाँ ह्वीप लाग्छ ।

अहिले सत्ता समीकरण बन्नु र भत्कनुको पछाडि दल सम्बन्धी यही व्यवस्थाले काम गरेको छ । किनकि १० सिटले प्रधानमन्त्री पाउने हो भने १४ सिटले प्रधानमन्त्री किन नपाउने ? २१ सिट र त्योभन्दा ठूलाले किन नपाउने ? यसले प्रधानमन्त्री आलोपालो गर्ने गठबन्धन हुनेभयो । गठबन्धन नै अस्थिरताको कारण बन्ने देखियो । अन्त्यमा, राजनीतिक अस्थिरताले सामाजिक मूल्यहरूकै विघटन हुन थालिसक्यो । आज नेपाली समाज कुन अवस्थामा छ भन्ने कुरा सामाजिक अराजकता, सांस्कृतिक मूल्यहरूको विघटन र निरन्तरको आर्थिक संकटले देखाउँछ । तसर्थ, अब पनि हामी गम्भीर नहुने हो, जे छ ठीक छ भनेर हिंड्ने हो भने मान्छेले पत्याउनेवाला छैनन् । त्यसैले निराशाका बीच आशा जगाउने कुरामा नीति निर्माताहरूले जवाफ दिनैपर्छ । ***(नीति फाउण्डेसनले सोमबार राजधानीमा आयोजना गरेको 'राजनीतिक अस्थिरता र न्यूनीकरणका सम्भावित विकल्प' विषयक अन्तरक्रियामा नेकपा एमालेका महासचिव पोखरेलले राखेको मन्तव्यको सम्पादित अंश ।)***

***-अनलाइनखबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अनुभव मिल्ने र नयाँ योजना बन्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । | **तुला** : समाजसेवामा मन लाग्नेछ । नयाँ विद्या र ज्ञान सिक्ने मौका मिल्नेछ । |
| **वृष** : महत्त्वपूर्ण कामको थालनी हुनेछ । मनमा शान्ति र प्रसन्नता छाउनेछ । | **वृश्चिक** : मालसामान हराउन सक्छ । गलत निर्णय लिन पुगिएला । |
| **मिथुन** : समाजसेवामा मन लाग्ला । शिक्षामा सामान्य सफलता मिल्नेछ । | **धनु** : स्वादिष्ट सुखद् भोजन मिल्नेछ । पार्टी तथा सेमिनारमा सहभागी भइएला। |
| **कर्कट** : स्वास्थ्यप्रति सजग रहन आवश्यक छ । मनमा दुबिधा पनि उत्पन्न रहला । | **मकर** : पर्यत्न गरे फाइदा लिन सकिनेछ । साथीहरुसँग समय बित्नेछ। |
| **सिंह** : नसोचेको ठाउँबाट धनागम हुनेछ। बिनाप्रतिस्पर्धा फाइदा हुने योग पनि छ । | **कुम्भ** : स्वादिष्ट खानपिन खान पाइएला। नयाँ व्यक्तिसँग भेटघाटको अवसर मिल्नेछ। |
| **कन्या** :महिला वर्गबाट सहयोग मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । | **मीन** : ठीक समयमा सही निर्णय लिन सकिनेछ । कलासाहित्यमा रुचि बढ्नेछ। |




निबन्ध — स्वरूपा गुरागाईं

# रोल नम्बर एक पढ्दा




२८ दिने वर्षे बिदामा मैले गृहकार्य सकेँ । तपाईंहरूको पनि बिदा सकियो ? गृहकार्य थियो कि थिएन ? गृहकार्य भएको भए सक्नुभयो होला है ? कमेन्टमा भन्नुहोला है ।

मैले बिदामा गृहकार्यसँगै धेरै काम सिकेँ, अरु किताब पनि पढेँ । बिदामा मैले भाइसँग अधिकतम समय बिताएँ । आफूलाई मनपर्ने चित्र पनि कोरेँ । विद्यालयको समयमा धेरै व्यस्त भएकाले गर्न नभ्याएका कार्य गरेँ । घरको काम गर्न सिकेँ, अविभावकलाई सहयोग गरेँ । बिदामा मैले लेखक राधा पौडेलले लेख्नुभएको किताब 'रोल नम्बर एक' पढेँ । किताब एकदमै राम्रो लाग्यो । २०३० सालमा जन्मनुभएकी राधा पौडेललाई 'खलङ्गामा हमला : एउटी नर्सको डायरी' कृतिका लागि २०७१ सालमा मदन पुरस्कार प्रदान गरिएको थियो । यो उहाँको पहिलो कृति हो । 'मर्यादित महिनावारी : हामी सबैको जिम्मेवारी', 'मारियम मान्छे भई', 'उत्सव' लगायत उहाँ थुप्रै पुस्तक प्रकाशित छन् । उहाँ पेसाले नर्स तर उहाँ हाल सामाजिक अभियन्तामा बढी सक्रिय हुनुहुन्छ । उहाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनुभएको छ । साथीहरू ! अब 'रोल नम्बर एक' पुस्तकको चर्चा गर्छु ।

१२५ पृष्ठको 'रोल नम्बर एक' किताबमा १३ वटा कथाक्रम रहेका छन् । कथाक्रम १ 'चोर हुँ जस्तो'मा लेखकलाई काम गर्न खुबै रमाइलो लाग्ने र जति ठुलो भयो त्यति काम बढ्ने विषय छ । पक्कै पनि जति ठुलो भयो त्यति जिम्मेवारी बढ्दै जान्छ नि होइन र ? आमा र दिदीसँग पर्म लगाउन जाँदा कम ज्याला पाएको, जाडोको छुट्टीमा वर्षभरिलाई पुग्ने दाउराको बन्दोबस्त गरेको लगायत सन्दर्भ रोचक छन् । जङ्गली जनावरको खासै मतलब नहुने, जङ्गली फल खाँदाको मजा, बर्रोको रुख घरमा उम्रेको तर नयाँ घर बनाउने बहानामा बाले रुख काट्दाको पीडा आदि पनि पुस्तकमा आएका छन् । बाल मस्तिष्कमा खेल्ने भावनाले हामीलाई पनि पूर्वस्मृतिमा लैजान्छ । यसैगरी कथाक्रम २ 'भाकल'मा देवीलाई भाकल दिएको, आमा बिरामी हुँदाको दुःख, पढ्नका लागि मिहिनेत गर्नुपर्ने सवाल उठाइएको छ । कथाक्रम ३ 'माटोको माया'मा बसाइँ सरेको र लेखक जन्मिनुभएको, जन्मभूमिको धेरै माया लाग्ने, सुत्ने बेला बाको कामका सिलसिलामा भएका घटनाहरू सुनेको, नेपालको नक्सामा लमजुङ र चितवन खोजेको, आफ्नो जन्मथलोप्रतिको प्रश्न मन छुने गरी प्रस्तुत गर्नुभएको छ ।

किताबको शीर्षनाम कथाक्रम ४ मा छ, अर्थात् 'रोल नम्बर एक' । यसमा परीक्षाको नतिजा प्रकाशनका दिन कसैले अबिर नलगाइदिँदाको दुःख, त्यही कुरा सम्झेर धेरैपटक रोएको, आमालाई ढाँटेको आमाले मिहिनेत गर्नका लागि उदाहरण दिनुभएको, रोएर केही पनि नहुने कुरा बुझेको, अर्को वर्ष नतिजा सुन्न नगएको तर प्रथम भएको आदि रोचक कुराहरू पढ्दा आनन्द आउँछ । कथाक्रम ५ 'स्कुल फेर्दाको पीडा'मा ठुलो कक्षा पढ्न प्रेमबस्ती माध्यमिक विद्यालय गएको, पुरानो विद्यालयका शिक्षक र साथीहरूको सम्झना आएको, गणित विषय धेरै मन पर्ने, विद्यालयमा विभेद भएकोजस्ता कुरा छन् । यसै गरी कथाक्रम ६ 'विद्यालय'मा ६ वर्ष पूरा भएपछि विद्यालय गएको, अरुभन्दा चाँडै भर्ना हुन पाएको, उमेर बढाएर पढेको, स्कुल गएको कि विद्यालय गएको भनेर दिदीलाई सोधेको र विद्यालय जान खुबै मन पर्ने, जाडो महिनामा घाम ताप्दै पढ्ने गरेको, मिलिमिली सिक्ने र एक-अर्कालाई सिकाउने गरेको समूहमा काम गर्न आत्मविश्वास बढेको आदि छन् । कथाक्रम ७ 'घाँसीको कथा'मा सामाजिक कामका बारेमा जानेर आत्मविश्वास बढेको, साथीलाई सबैले सहयोग गरेको, आफ्नो ईर्ष्या गर्नेलाई कहिल्यै परवाह नगरेको, आगलागीबाट असाध्यै डर लाग्ने, अरुले दुःख पाएको सुन्न र हेर्न गाह्रो हुने आदि छन् । कथाक्रम ८ 'जडौरी किताबको मोह'मा पढाइसम्बन्धी सबै कुरा दिदीहरूबाट सरुवा भएर आउने, फूलटिन (फाउन्टेन मेन) प्रयोग गर्दा धेरै फाइदा भएको, कपी र किताबप्रति धेरै माया भएको आदि छन् । कथाक्रम ९ 'परिश्रमको फल'मा पसलमा सामान किन्दा १० रुपैयाँ बढी फिर्ता पाएको, पैसा पुऱ्याउन जाँदा रात परेको आदि छन् ।

यस्तै कथाक्रम १० 'घरको नियमको अपरेसन'मा छोरा र छोरी बिचको विभेद थाहा पाएको, जति ठुलो भयो त्यति धेरै कुरा सुन्न र देख्न अनुभव भएको, खेत जोल्दा गाली खाएको, बाउसो पनि गर्न आउने, सानो जात भनेर हेपेको आदि छन् । कथाक्रम ११ 'मेरो स्वाभिमान'मा डर लागीलागी पसल जानुपरेको, मानिसले झगडा गरेको, ठुलो स्वरले कराएको सुनेमा डर लाग्ने, खेतमा पानी लगाउन जाँदा पनि डर लाग्ने, सुगाजस्तै बन्ने इच्छा लागेको, स्वाभिमान जति प्यारो हुन्छ त्यति नै महँगो पनि हुने आदि छन् । कथाक्रम १२ 'प्राकृतिक जीवन'मा पानी पर्न थालेपछि फलका बिरुवा खोज्ने गरेको, आकाश कसले बनायो भनेर आफैँले आफैँलाई प्रश्न गरेको, फूलहरूबाट धेरै कुरा सिकेको, फूल मान्छेजस्तै लागेको, साथीसाथीले बिरुवा गन्दै साटफेर गरेको आदि छन् । यसैगरी कथाक्रम १३ 'मेरी साथी'मा समाजमा महिनावारी हुँदा गरिने व्यवहारका बारेमा बयान गरिएको छ । साथी विद्यालय नआएको, आमा महिनावारी हुनुभएकाले साथी नआएको थाहा पाउँदा अचम्म लागेको, महिनावारीसम्बन्धी नियम कसले बनायो भनी प्रश्न गरेको आदि छन् ।

मलाई यो किताब पढेर गाउँघरको वातावरण, चालचलन र रीतिरिवाजका बारेमा थाहा भयो । गाउँघरमा हुने छोरा र छोरीबिचको विभेदका बारेमा थाहा भयो । यो किताबमा लेखककै बाल्यकालको बयान गरिएको छ । उहाँको बारेमा एउटा जीवनी पढेकी थिएँ । त्यहाँ पढेकोभन्दा बढी कुरा थाहा भयो । उहाँले धेरै संघर्ष गर्नुभएको रहेछ । यति धेरै कुरा सुन्दा वा पढ्दा उहाँलाई भेट्न धेरै मन पनि लागेको छ । माथि लेखेका कुराले तपाईंहरूलाई पनि किताब पढ्न मन लाग्यो होला है ? हो भने किताब पढ्न सक्नुहुनेछ । म भने अबको बिदामा उहाँकै 'अपवित्र रगत' कृति पढ्नेछु । यो किताब मलाई प्राप्त भइसकेको छ । फुर्सदमा पढेर मैले फेरि यहाँहरूसँग सेयर गर्ने जमर्को गर्नेछु ल । ***(सिद्धार्थ मावि हेटौंडा २, मकवानपुर, कक्षा ८)*** ***-रातोपाटी डटकम***

## एकछिन हाँस ल : तीन चुट्किला

***छोरो झ्याप भएर घर आएछ***

घरमा थाहा पाउन्छन् भनेर हत्त न पत्त ल्यापटप खोलेर पढ्न बसे जस्तो गरेछ।

बाउ : आज पनि धोकेर आइस हैन त गधा ?

छोरो : हैन बुवा, पढिराको छु।

बाउ : तलाई गधा, सुटकेश खोलेर के पढ्दै छस ह ?

***श्रीमान श्रीमतीको झगडा भएछ,***

श्रीमान : (फोन गरेर) आज खानामा के छ ?

श्रीमती : विष

श्रीमान : त्यसो भए तिमी खाएर सुत, म बाहिरै खाएर आउछु।

***एउटा जड्याहा हल्ला गर्दै हिडिराको बेला पुलिसले समातेछ,***

पुलिस : तैले यति धेरैरक्सी किन खाएको ?

जड्याहा : बाध्यता पर्यो साब।

पुलिस : के बाध्यता ?

जड्याहा : बोतलको बिर्को हराएपछि मैले के गर्ने त साब ?

***श्रोत: नेपाली जोक्स***

कथा — कैलासकुमार पाण्डेय

# भरिया



'भरिया नै नपाइने भएँ ।' दिनेश यताउता डुल्दै छटपटाइरहेको थियो । 'आज त एउटा पनि देखिएनन् ।' फ्राइबिनको चिया छन्नीले चलाउँदै बिन्दुले भनी । 'यतिबेला आइसकेका हुन्थे,' एउटाले कुरा थप्यो ।

'उ... त्यो घरमा बस्छन्, त्यतै गएर सोध्नु ठिक होला,' अर्को जानकारले घर औंल्याउँदै दिनेशलाई सल्लाह दियो । 'त्यहाँ बस्ने बूढो भरिया त मरेछन्, त्यसैले आज कोही पनि देखिएनन् मलामी गए होला ।' नयाँ जानकारी पाइयो । 'बूढो भरिया ! बूढो भरिया !' भन्दै सबै स्तब्ध भए । बूढो भरियालाई चिन्छन् सबैले । उसको परिचय भारीसँगै जोडिएको छ । जीवनको अधिकांश भारीसँगै बितायो र भरिया भयो । नाउँ नै भरिया भैदिएको भए पनि राम्रै हुन्थ्यो तर औपचारिक रूपमा प्रयोग हुने नाउँ अलगै भए पनि पूरापूरा परिचय थियो भरिया ।

सात समुद्र पार गएर श्रम बेच्नु भन्दा त, काला पहाडमा हड्डी खियाउनु भन्दा त, बाकसमा लास बनी फर्किनु भन्दा त एक छोपा पसिना आफ्नै माटोमा पोख्दै यही परिश्रम गर्नुपर्छ भन्ने प्रेरणा पनि दिइरहेको हुन्छ भरियाले । जनावरहरू जसरी बथानका बथान हिंड्छन् । बूढो जनावरले आफ्ना सन्तानलाई बाटो, पानी-खाना पाइने ठाउँ र असुरक्षित अवस्थाको जानकारी गराउँदै जङ्गल जङ्गल डुलाउँछ । त्यसरी नै बूढो भरियाले आफूसँग जोडिएका परिवारका सदस्य नातागोता, भाइबन्धु, इष्टमित्र सबैलाई भरिया बनाएको छ । यहाँको बोली भाषा सिकाएको छ । रीत परम्परा बताएको छ । भारी उठाउन सिकाएछ । सक्षम भरिया बनाएको छ । हरेक दिन एक समान हुन्छ भरियाका लागि । जेठको कपाल दुख्ने गर्मी होस् वा भदौको झरी, माघको फुस्रो खारो तुसारो होस् पसिना निरन्तर बग्छ नै । मेघ जाडी कि माघ जाडी भन्छन् । चिसो पुस, माघमा मात्र होइन पानी पर्दा जहिले पनि हुन्छ । चिसो बढेको थियो । आज सन्चो पनि थिएन हातमा नाम्लो समातेर चिया पिउँदै गरेको बूढो मानिसलाई उसको नाति जस्तै लाग्ने मानिस आएर भन्छ, 'भरिया दाइ ! हाम्रो सामान घरमा पुऱ्याउनु पर्ने थियो ।' आज्ञाकारी भएर सामग्री उठाएर केटोले डोऱ्याउँदै लगेको गन्तव्यमा पुऱ्याउँछ । उसको साठी वर्षे निरन्तर कर्म थियो । आफ्नो बाजेसँग यो शहरमा पुगेको थियो । बाल चञ्चलताको रहर पुऱ्याएको थियो । बाजे, बुवा यतैका भारी उठाउँदा उठाउँदै इहलीला उसकै अगाडि सकिएको थियो । ऊ पनि तीन पुस्ता सँगै राखेर सके नसके पनि आफ्नो धर्म निर्वाह गरिरहेको छ । पिठ्यूँमा बडेमानको भारी उठाउनु उसको परमधर्म हो । आफ्नो जत्तिकै भारी उठाउन सक्ने क्षमतामा नातिलाई पनि अभ्यस्त पारिसकेको छ ।

नातिले कसरी जीवन निर्वाह गर्ला उसलाई चिन्ता छैन । छोरा, नाति आत्मनिर्भर भैसकेका उसले महसूस गरेको छ । भरियाको परिवार मिलन क्षणिक हुन्छ । मौका मिलाएर घरतिर जान्छन् । महीना दिन लगातार घरमा कोही पनि बस्दैनन् । काजवार, जन्त बऱ्यात, ससराद, ठुलै विपत्तिमा घरमा बस्छन् । घर सम्हालेका छन् महिलाले, अशक्तहरूले बाँकी सबै भरिया छन् । भरिया यो शहरमा मात्र होइन हरेक शहरमा छन् । भरियाको त्यही काम त्यही नियति छ सबैको । यस्तै लेखेको रहेछ भावनीले । भरियाको परिचयपत्र बन्ने भए कुनै सम्भ्रान्त बाँकी रहन्थेन होला भरिया बन्न । भरियाको आरक्षण हुने भए धेरै जसोले आफ्नो थर नै भरिया लेख्थे होला । लेखेको पाइन्छ देखेको, सुनेको, कल्पना गरेको कहाँ पाइन्छ र ? एक्लै कल्पिन्छ कुनै बेला बूढो । उसलाई आफ्नो कामप्रति गर्व छ । पसिनाको कमाइ खान्छ, पसिना लगाउँछ, पसिना नै ओढ्ने ओछ्यान बनाउँछ, पसिनामै ओत लाग्छ । भरिया भिखारी होइनन् । सिमला पहाडमा स्याउको भारी उठाउन, केदारनाथमा डोकोमा मानिस नै बोकुन्, भारतका अन्य शहर हुन् वा नेपालकै शहर हातमा नाम्लो बोकेका देख्ने बितिक्कै भरिया भनिदिए हुन्छ । शहर मात्रै होइन पहाडतिर पनि त त्यस्तै पर्वतारोहणको पगरी लगाउँछन् तर तिनलाई सफल बनाउने भरियाको कुनै गणना नै हुँदैन । नाम्लो, डोको र थाप्लो परिचय हो भरियाको । जीवनको आरम्भ र अन्त्य डोको, नाम्लो बाट भएको हुन्छ । त्यसमा अधिकांश नेपालको दूरदराज बस्तीका मानिस हुन्छन् । भारी बोक्नु, घर छोडेर अर्काको मुलुकमा पसिना बगाउनु रहर त निश्चय पनि होइन तर बोकिरहेका छन् । जतिसुकै समृद्धिका कुरा गरे पनि अमन चयन सँग आफ्नो इलम गर्दै जीवन निर्वाह गर्नेको संख्या औंलामा गन्न सकिनेछ । पारिश्रमिक लिएर अन्य मानिसको भारी बोक्ने मानिस हो भरिया । घरपालुवा जनावरको प्रयोग तथा आधुनिक यान्त्रिक प्रविधिको विकास पूर्व परिवहनको लागि मानिसको प्रयोग गरिन्थ्यो नै तर आधुनिक डिजिटल समयमा पनि जस्ताको त्यस्तै छ भरियाको जीवनचर्या । भरिया हुनु कुनै अपराध होइन, गलत काम पनि होइन तर हेयको दृष्टिले हेर्ने गरिन्छ । भरिया, भरियाको छोरा, भरियाको नाति पहिचान बन्ने गरेको छ । दिनभरको थकान मेटाउन साँझ खाना सँगै अलि रमाइलो पनि गर्छन् ।

हप्तामा एक दिन मासु-मदिरा पनि चल्छ भरियाको जमघटमा । नशाले च्याप्दै जाँदा सबैलाई घरको यादले सताउँछ । पालैपालो वेदना ओकल्छन् । रामे रोइरहेको हुन्छ । पदमले दुई वर्षा भयो घर नदेखेको भन्दै दुखेसो पोख्छ । हर्के त्यस्तै । रमाइलो गरौंला भनी गरिएको रमझम दुखेसो साटासाटमा केन्द्रित हुन्छ । आ-आफ्ना किसिमका पीडा सबैसँग छन् । बूढो भरिया भनिए पनि नाउँ बिर्खे थियो । सक्कली नामले कसैले चिन्दैनथे । रासन उधारो ल्याउने पसलको बहिखातामा पनि बूढो भरिया नै लेखेको थियो । बूढाको छोराले गुरुदत्तको कपडा पसलबाट केही उधारो लगेछन् त्यहाँ पनि बहिखातामा बूढो भरियाको छोरा भनी लेखेका थिए । एक पटक बाटो हिंडिरहेका चार-छ जनाले परको खोलामा बूढो भरियालाई भेटेका रहेछन् र पछि एकाआपसमा कुराकानी गर्दा बूढो भरिया भेटेको खोला भनी भनेछन् । बूढो भरिया भेटेको खोला भन्दा भन्दा भरिया खोला हुन गएछ । भरियाको भारी बिसाउने ठाउँ बिसौनी बनेछ । सानोतिनो जिम्मेवारी जीवनको भारी सबैले उठाउँछन् । भारी उठाउँदै गर्दा छेलो पनि उठाउँछन् तर जीवनभर भरिया कमै हुन्छन् । बिर्खे यस पालि निकै उदास छ । चिन्तित देखिन्छ । छन त छोरो नाति सँगै छन् । दिनभर नारिएको गोरु जस्तै जोतिएर थाकेको नातिको कपाल सुमसुम्याउँदै नातिलाई अर्ती दिंदै छ, 'पाँचपाँच पुस्ता भारी बोक्दा पनि परिस्थिति फेरिएन, अरू बेथो गरिखानू ।' जीवनको अन्तिम दिनहरूमा बूढाले अर्ती दिन शुरू गरेको थियो बूढो भरिया । बूढो मर अर्ती सर भने झैं वंश, परम्परा, रीत, साइनो सम्बन्ध, बाटोघाटो, देउदेवता, साउअसामी सबै अर्ती दिने गर्दछन् । त्यस्तै आज बूढाले आफ्नो बानी विकास गराउँदै छ । उता भान्सामा खाना बनाउन व्यस्त छन् कोही । कोही दिनभर थाकेका मानिस त्यसै पल्टेका छन् र सुतिरहेका छन् । बूढाको अर्ती निरन्तर अगाडि बढ्दै गइरहेको छ । नातिले सुनिरहेको छ या छैन । बूढाको ध्यान अरूले सुन्नु नसुन्नुमा छैन आज । र पनि मन लगाई लगाई भन्दै छ, 'कर्म गरिरहनुपर्छ । काम गर्नका लागि भगवानले दुई हात दिएका छन् । कुनै पनि कामलाई सानो मान्नु हुन्न जस्तोसुकै काम पनि गर्नुपर्छ । पसिनाको फल मीठो हुन्छ । परिश्रमको सृजना सुन्दर हुन्छ ।' अघि हलचल गरिरहेको नाति अहिले पुराणको श्रोता जस्तै भएर सुनिरहेको छ । शायद बूढाको कुरामा केही पायो नातिले । अचानक बुढाको बोली अवरुद्ध हुन्छ । बोल्नै नसक्ने हुन्छ । 'बाजे, बाजे' भन्दै नाति जोरजोरले कराउँछ । एउटाले पानी ल्याऊ पानी भनी कराउँछ । अर्को पानी ल्याएर आउँछ । बूढाको ध्यान पानी खानमा छैन । जिन्दगीभर तिर्खाइरहेको भरिया बूढो बोल्नमा नै व्यस्त हुन्छन् र सरासर अर्को वाक्य थप्छ, 'श्रमिकको संवेदनशीलता मालिकले बुझ्दैनन्,...।' वाक्य पूरा नहुँदै इहलीला समाप्त हुन्छ । जीवनमा निकै गह्रुँगो भारी उठाउन सक्ने भरियाका लागि यो उठाउनै नसकिने भारी परिस्थिति रह्यो । ***-साहित्यपोष्ट डटकम***

# नेकपा एसको केन्द्रीय सचिवमा पाण्डेय निर्वाचित



**पाल्पा,** भदौ १२/नेकपा एकीकृत समाजवादीको केन्द्रीय सचिवमा पाल्पाली नेता तथा पूर्वमन्त्री सोमप्रसाद पाण्डेय निर्वाचित भएका छन् । मंगलबार पदाधिकारीका लागि भएको निर्वाचनमा पाण्डेयले १ सय ४१ मत लिएर सचिवमा निर्वाचित भएका हुन् ।

सचिव खुलाको पाँच पदमा २७ जनाको उम्मेदवारी परेको थियो । जसमा पाण्डेयले उत्कृष्ट मत ल्याएर सचिवमा निर्वाचित भएका हुन् । पाल्पाको मदनपोखरामा जन्मिएका पाण्डेय कानुनमा स्नातक हुन् । २०३० सालमै नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएका उनी शिक्षण पेशामा रहेका बेला बहुदलको पक्षमा सक्रिय हुँदा २०३६ सालमा ३२ दिन जेल परेका थिए । २०४० सालमा नेकपा (माले)को गाउँ कमिटी उपसचिव बनेका पाण्डेय इलाका सदस्य हुँदै २०५१ सालपछि लगातार १७ वर्ष जिल्ला कमिटी सदस्य रहे । त्यसपछि पाँच वर्ष राष्ट्रिय प्रतिनिधि परिषद्, केन्द्रीय विभागहरू हुँदै नेकपा (एमाले)को केन्द्रीय सदस्य र पाल्पा इन्चार्जको जिम्मेवारीमा पुगेका थिए । केही समय वकालत गरेका पाण्डेय नेपाल बार एशोसिएसन पाल्पाको अध्यक्ष पनि भए । २०५१ सालको मध्यावधि निर्वाचनमा पाल्पा-२ बाट भारी मतले प्रतिनिधिसभा सदस्यमा निर्वाचित उनी २०५६, २०७० र २०७४ को निर्वाचनमा पनि विजयी भए । पाण्डेयले २०६४ सालको दोस्रो संविधानसभा निर्वाचन भने हारे । २०७० सालको दोस्रो संविधानसभा निर्वाचन जितेका उनी २०७२ मा उद्योगमन्त्री बनेका थिए । एमाले विभाजनपछि उनी नेकपा (एकीकृत समाजवादी)मा आवद्ध भए । पार्टीको पाल्पा इन्चार्ज र लुम्बिनी प्रदेश अध्यक्ष रहेका पाण्डेय २०७९ को निर्वाचनमा काँग्रेस, माओवादी सहितको गठबन्धनबाट पाल्पा क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवार भई नेकपा एमालेका ठाकुर गैरेसँग पराजित भएका थिए । यद्यपी पाण्डेय पाल्पाको विकासमा भने अहिले पनि उत्तिकै तल्लीन छन् । उनीसँगै पार्टीको खुला सचिवमा शेरबहादुर कुँवर, श्रीनाथ बराल, सावित्रा कुमारी भुसाल, चन्द्रबहादुर शाही, निर्वाचित भएका छन् । यस्तै आदिवासी जनजातिबाट सचिवमा बलदेव चौधरी र दलितबाट गणेश विश्वकर्मा निर्वाचित भए । सुदूरपश्चिम प्रदेशका निवर्तमान मुख्यमन्त्री दीर्घ सोडारी भने सचिव पदमा पराजित भएका छन् । सहमति हुन बाँकी पदमा मंगलबार निर्वाचन भएको थियो । जसमा महिला उपाध्यक्षमा जयन्ती राई निर्वाचित भएकी छन् । उनले रामकुमारी झाँक्रीलाई पराजित गरिन् । यस्तै, मधेशी उपाध्यक्षमा धर्मनाथ साह निर्वाचित भएका छन् । यसैगरी उपाध्यक्षमा डा. गंगालाल तुलाधर, भानुभक्त जोशी, प्रकाश ज्वाला र जगन्नाथ खतिवडा निर्वाचित भएका छन् । उपमहासचिवमा मेटमणि चौधरी, रामकुमार भट्टराई, राजेन्द्र राई र गरिमा शाह निर्वाचित भए । वरिष्ठ उपाध्यक्षमा राजेन्द्र पाण्डे निर्विरोध भएका छन् । यसअघि नै माधव नेपाल अध्यक्ष, झलनाथ खनाल सम्मानित नेता र घनश्याम भूसाल महासचिव चयन भइसकेका छन् ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

## विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८१ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### विज्ञापन दररेट

#### साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ३५०/ |

#### सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/- |

#### डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

#### अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१


खेलकुद समाचार

## बार्सिलोनाको पुनरागमन जित



**काठमाडौं,** भदौ १२/डानी ओल्मोले बार्सिलोनाबाट डेब्यु खेलमै गोल गरेपछि स्पानिस ला लिगामा बार्सिलोनाले रायो भालेकानोमाथि २-१ को पुनरागमन जित हात पारेका छन् । यसै समरमा लाइपजिगबाट बार्सिलोना पुगेका ओल्मोले ८२औं मिनेटमा लामिन यामलको पासमा विजयी गोल गरेका थिए । त्यसअघि उनाई लोपेजले नवौं मिनेटमा गोल गर्द घरेलु टोली रायो भालेकानोलाई अग्रता दिलाएका थिए । तर उसले अग्रता जोगाउन सकेन । ६०औं मिनेटमा पेड्रीले बार्सिलोनाका लागि बराबरी गोल फर्काए । त्यसपछि ओल्मोले खेल सकिन ८ मिनेट बाँकी छुँदा बार्सिलोनाका लागि विजयी गोल गरे । ला लिगामा नयाँ सिजन लगातार तीन खेल जितेको बार्सिलोना ९ अंकसहित शीर्ष स्थानमा छ । पहिलो हार व्यहोरेको भालेकानो ३ खेलबाट ४ अंकसहित आठौं स्थानमा छ ।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको साविक नाम **स्टार शाईन कन्स्ट्रक्सन प्रालि** द.नं. १७४८७०/०७४/०७५ को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री **कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०४/२८** गतेको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **स्टार शाईन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

### देउराली पोल्ट्री सप्लायर्सका सेवाहरू

हामीकहाँ दाना, चल्ला पाईनुका साथै वरिष्ठ चिकित्सकद्वारा परामर्शको सुविधा छ ।
सेवा गर्ने मौका अवश्य दिनुहोला ।
तानसेन–३, पाल्पा
९८६७२५०७५६, ९८५७०६५२६७


अर्थ/कर्पोरेट समाचार

## सुन तोलामा आठ सयले बढ्यो




**पाल्पा,** भदौ १२/सुन तोलाको आठ सय बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार, मंगलबारको तुलनामा बुधबार छापावाला सुन तोलामा आठ सयले वृद्धि भई नयाँ कीर्तिमान कायम गरेको हो ।

निर्धारण भएको मूल्यका आधारमा पहेँलो धातु हालसम्मकै महँगो भएको छ । अघिल्लो दिन प्रतितोला एक लाख ५२ हजार तीन सयमा कारोबार भएको छापावाला सुन बढेर एक लाख ५३ हजार एक सय मूल्य निर्धारण गरिएको छ । यस्तै, चाँदीको मूल्य तोलामा पाँचले वृद्धि भएको छ । अघिल्लो दिन प्रतितोला एक हजार आठ सय ५० मा कारोबार भएको चाँदीको मूल्य बढेसँगै एक हजार आठ सय ५५ निर्धारण गरिएको छ । सुनको भाउले प्रतिदिन विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ ।

यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ ।


### सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व

- सूचना हकको सम्मान र संरक्षण
- सूचना अद्यावधिक र सार्वजनिकीकरण
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था
- खुला र पारदर्शी कार्यसम्पादन

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


